तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा

च.नं. मिति: २०७६।०५।२७

................................................................................................................

## तानसेन नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी सूचना

यस तानसेन नगरपालिकाले स्थानीय युवाहरुको ज्ञान, सीप र कलाको अधिकतम सदुपोग गर्दै स्वरोजगारी बन्न एवं विदेशमा आर्जित सीपलाई स्वदेशमा उद्यमशिलताका निम्ति उपयोग गरी आत्म निर्भरत हून चाहने यूवाहरु साथै महिला, दलित जनजाती आदि समूदायको विशिष्ट तथा परम्परागत सीप र पेशालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रविधिमैत्री बनाउदै रोजगारी श्रृजनालाई बिस्तारित गरी समृद्ध तानसेन निर्माणमा टेवा पुरयाउने हेतुले संचालन गरिएको स्वरोजगार कार्यक्रममा तानसेन नगरपालिका भित्रका स्थायी बसोबास गरेका इच्छुक युवाहरुले आफूले गर्न चाहेको उद्यमको व्यवसायिक प्रस्ताव( स्किम) र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्न यो सूचना जारी गरिएको छ ।

- उद्यम प्रस्ताव (स्किम) फाराम र निवेदन सम्बन्धित वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ ।
- प्रस्ताव बुझाउने अन्तिम म्याद : २०७६ असोज १० गते शुकबार सम्म मात्र ।
- निवेदन र प्रस्ताव बुझाउने स्थान स्थान : सम्बन्धित वडा कार्यालय,
- छनौटमा परेका प्रस्तावित उद्यमीहरुलाई तानसेन नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यबिधि २०७५ बमोजिम आवश्यक प्रकृया अगाडि बढाइने छ ।

०७६।५।२७

रेशमलाल न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner